चापाकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

चापाकोट, स्याङ्जा

स्था: २०७३

पत्र संख्या: २०८०/०८१

चलानी नं

गण्डकी प्रदेश, नेपाल


# स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ बमोजिम तहवृद्धि गर्ने सम्बन्धि सूचना।

सूचना नं. ०२/२०८०/०८१ (तहवृद्धि) सूचना प्रकाशित मिति : २०८१/०३/२४

गण्डकी प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ बमोजिम तहवृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा तोकिए बमोजिमको न्यूनतम सेवा अवधि पुरा भएका र तोकिए बमोजिमको पछिल्ला आर्थिक वर्षको कार्य सम्पन्न मूल्याङ्कनमा तोकिए बमोजिमको औषत अंक प्राप्त गरेका कर्मचारीहरूलाई सम्बन्धित सेवा, समूह र उपसमूह भित्रको पदमा तह वृद्धि साथै सोही ऐनको दफा ९ अनुसार दरवन्दि मिलान भई स्वतः माथिल्लो तह कायम गर्ने प्रयोजनका लागी यो सूचना प्रकाशित गरिएको छ। साथै स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ९, २८ र ४० बमोजिमको योग्यता पुरा गरेका तथा दफा ३२ बमोजिमका नकरात्मक सूचिमा नपरेका, तह वृद्धि हुने तह भन्दा एक तह मुनिको सम्बन्धित सेवा, समूह र उपसमूहको पदमा यस नगरपालिका कार्यालयमा कार्यरत ईच्छुक स्थायी कर्मचारीहरूले स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को अनुसूची-१५ बमोजिम तहवृद्धिका लागी २/२ प्रति फाराम भरी (सम्भव भएसम्म नेपाली कागजमा) प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराई २०८१/०३/३१ गते कार्यालय समयभित्र नगरपालिकाको प्रशासन शाखामा बुझाउनुहुन सूचित गरिन्छ। म्याद नाघि प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश भएका र तोकिए बमोजिमका कागजातहरू संलग्न नभएका आबेदनलाई स्तरवृद्धिको प्रक्रियामा सामेल नगराईने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ। तहवृद्धिका लागी भर्ने फाराम चापाकोट नगरपालिकाको वेव साइड www.chapakotmun.gov.np बाट डाउनलोड गर्न सकिने छ।

स्तरवृद्धिका लागी आवश्यक शर्त तथा योग्यताहरू:

१. स्तरवृद्धिका लागि स्तरवृद्धि हुने तह भन्दा एक तह मुनिको सम्बन्धित सेवा, समूह, उपसमूहको पदको पछिल्लो पाँच वर्षको का.स.मू. मा कम्तिमा उत्तम अंक प्राप्त गरेको र स्थानीय स्वास्थ्य सेवाका कर्मचारीहरूको हकमा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ को उपदफा १ बमोजिमको सेवा अवधि, तोकिएको दुर्गम क्षेत्रमा तोकिएको सेवा अवधि काम गरेको प्रमाणित।

२. स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ को उपदफा २ को प्रतिवन्धात्मक व्यवस्था अनुसारको अवस्था भएमा सो कुरा उल्लेख गरिएको प्रमाण।


E-mail: info@chapakotmun.gov.np
Tel No. 063411080/81
Website: https://chapakotmun.gov.np/
Social links: https://twitter.com/of_chapakot?s=09


०८१/३/२४

Scanned with CamScanner

३. स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९(क) मा रहेको नकरात्मक सूचिमा नपरेको खुल्ने कागजात र गण्डकी प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम तहवृद्धिको लागी संभाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्ने।

४.आवेदन फारामका साथ तह वृद्धिहुने पदभन्दा एक तह मुनिको पद वा श्रेणिमा भएको स्थायी नियुक्ति पत्रको प्रतिलिपी, कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएको समायोजन पत्रको प्रमाणित प्रतिलिपी, स्तरवृद्धि भएको भए सोको पत्र, हाल सम्मका सरुवा, रमाना र हाजिरी भएको पत्र, स्वास्थ्य सेवाको हकमा काउन्सील अपडेट प्रमाण पत्रको प्रतिलिपी

५.पिआईएस अपडेटको प्रतिलिपी

६. स्वास्थ्य सेवाको हकमा स्वास्थ्य सेवा नियमावलि, २०५५ बमोजिमको सम्वन्धित शाखाले दुर्गम प्रमाणित गरेको पत्र

७.सेवा अवधि गयलकट्टि, अध्ययन, असाधारण विदा तथा विभागीय कारवाही नभएको सम्वन्धित शाखाको सिफारीस

८.रित पूर्वकको का.स.मू.

९. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम नकरात्मक सूचिमा नपरेको भनि उम्मेदवार स्वयंले स्व-घोषणा गरि पेश गर्नुपर्दछ।

१०.अन्य आवश्यक विवरण भए खुलाउने।

०८१।३।२४

ध्रुव खनाल
प्रमुख प्रमुख प्रशासकीय अधिकृत

E-mail: info@chapakotmun.gov.np
Tel No. 063411080/81
Website: https://chapakotmun.gov.np/
Social links: https://twitter.com/of_chapakot?s=09

Scanned with CamScanner